# आधारभूत तह परीक्षा- २०७९
## काठमाडौं महानगरपालिका
### विषय : अनिवार्य नेपाली

**समय** : २ घण्टा १५ मिनेट **पूर्णाङ्क** : ७५
**कक्षा** : ८ औं

विद्यार्थीले उत्तर दिँदा मौलिक रुपमा दिनुपर्ने छ । सिर्जनात्मक उत्तरलाई पहिलो प्राथमिकता दिइने छ ।

प्र.नं. १) समूह "क" मा दिइएका शब्दहरूको अर्थ समूह "ख" बाट पहिचान गरी उत्तर पुस्तिकामा लेख्नुहोस् । (३)

| समूह "क" | समूह "ख" |
|---|---|
| श्रम | लोप |
| सिफारिस | मिहिनेत |
| अलप | प्रशंसा |
| अनलाइन | लिखित वा मौखिक अनुमोदन |
| तारिफ | भरिभराउ |
| टनाटन | आकाश |
| | इन्टरनेटमा रही सूचना आदान प्रदान गर्ने प्रविधि |
| | आक्षेप |

प्र.नं. २) कोष्ठकबाट मिल्ने शब्द छानी खाली ठाउँ भर्नुहोस् । (३)

क) ................ अनेकार्थी शब्द हो । (चिठी पत्र, किताब)
ख) कोसिसको पर्यायवाची शब्द ................ हो । (कम, जग, प्रयास)
ग) "चाड" को समावेश्य शब्द ..........हो । (मेला, उत्सव, तिहार)
घ) "काल" शब्दको अर्थ ............ होइन । (समय, मृत्यु, विकाल)
ङ) ................अनेकार्थी शब्द होइन । (कर, मर, दर)

च) रवि र भाष्कर ............. शब्द हुन् । (पर्यायवाची, अनेकार्थी, विपरीतार्थी)

प्र.नं. ३) अर्थ स्पष्ट हुनेगरी वाक्यमा प्रयोग गर्नुहोस् । (४)

लगनशील, लुसुक्क, टाप कस्नु, गाँस छोड्नु, साथ नछोड्नु

प्र.नं.४) क) तल दिइएको वाक्यलाई शुद्ध पारी उत्तर पुस्तिकामा सार्नुहोस् । (२)

सुरेशले भन्यो, तन मन दिन सको भने खेलमा राम्रो प्रगती हुँदै जान्छ ।

ख) तल दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी उत्तर पुस्तिकामा सार्नुहोस् । (२)

| | | | | |
|---|---|---|---|---|
| अ) | अशहाय | असहाय | अषहाय | असहाए |
| आ) | बेवास्ता | बेबास्ता | वेवास्ता | बेबास्था |
| इ) | पंचायत् | पङ्चायत | पन्चायत | पञ्चायत |
| ई) | सन्तती | संतती | सन्तति | संतति |

प्र.नं. ५) तलको वाक्यमा रेखाङ्कन गरिएका शब्दहरूको शब्दवर्ग छुट्याउनुहोस् । (३)

<u>तिमी</u> <u>असल</u> <u>मानिस</u> हौ <u>र</u> <u>त</u> मेहनत <u>गर्छौ</u> ।

प्र.नं. ६) रेखाङ्कित शब्दहरूको कारक छुट्याउनुहोस् । (१)

<u>देवकोटाले</u> <u>कलमले</u> कविता लेखे ।

प्र.नं. ७) कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले खाली ठाउँ भर्नुहोस् । (३)

क) प्रज्ञानले भलिबल................ । (खेल् : सामान्य भविष्यत्)

ख) ऊ देशका लागि ............... । (लड् : इच्छार्थ)

ग) हामी राम्रो कथा ................ । (लेख् : सम्भावनार्थ)

घ) भरियाले भारी .................... । (बिसाउ : अज्ञात भूत)

ङ) शोभाले पशुपतिको दर्शन........ । (गर् : पूर्ण वर्तमान)

च) तिमी कविता ...................... । (पढ् : आज्ञार्थ)

प्र.नं. ८) कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् ।(४)

क) छात्राहरू ज्ञानी छन् । (पुलिङ्ग)

ख) ऊ सफल हुन्छ । (बहुवचन)

ग) तिमी घुम्न जाऊ । (अकरण)

घ) मैले साथीलाई भेटेँ । (कर्मवाक्य)

प्र.नं. ९) सामान्य भविष्यत् कालको प्रयोग गरी चार वाक्यमा आफ्नो भविष्यको लक्ष्यको बारेमा लेख्नुहोस् । (४)

प्र.नं. १०) दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् । (५)

मनिस बुद्धिले बाँच्छ, मानिससँग सोच्ने मस्तिष्क र काम गर्ने हात छन् । मस्तिष्कले सुन्दर प्रकृतिको कल्पना गर्नुपर्छ । मानवीय क्रियाकलाप वातावरणको रक्षामा केन्द्रित हुनुपर्छ । वैज्ञानिक चमत्कार र मानवीय उन्नतिभित्र प्रकृतिको विनाश समेटिनु हुँदैन । मानिस कल्पनाशील प्राणी पनि हो । उसले विकास, उन्नति, आविष्कार, रचना सिर्जनाका रुपमा कल्पनालाई साकार गर्छ । कल्पना साकार पार्ने र उद्देश्य पूर्ति गर्ने क्रममा प्रकृतिको विनाश गर्नु हुँदैन । मानवीय क्रियाकलाप वातावरण प्रतिकूल भए मानिस सङ्कटको भुमरीमा फस्छ । जीवन सरल बनाउन मानिसले उद्योगधन्दा स्थापना गर्छ र कलकारखाना चलाउँछ । यसले वातावरणमा रहेको हावा, पानी र जमिन प्रदूषित बनाउँछ । ठूलो आवाज निकाल्ने मिसिन, यातायात र सञ्चारका साधनहरू सञ्चालनले ध्वनि प्रदूषण गराउँछन् । यस्तै कृषि कार्यमा विषादी प्रयोग गर्नाले खानेकुरामा अखाद्य रसायन मिसिन्छ । रासायनिक मलको अधिक र अव्यवस्थित प्रयोगले प्राङ्गारिक उत्पादनमा कमी आउँछ । यी सबैले वातावरण प्रतिकूल बनाउँछन् । दूषित हावा र पानीको प्रयोगले विभिन्न रोग निम्तिन्छन् । जमिन प्रदूषित भए उब्जनी घट्छ ।

प्रश्नहरू:-

क) मानिसको मस्तिष्कले के को कल्पना गर्नुपर्छ ?

ख) वातावरण प्रतिकूल भए के हुन्छ ?

ग) ध्वनि प्रदूषण कसरी हुन्छ ?

घ) के गरे रोग निम्तिन्छन् ?

ङ) आविष्कार र अखाद्य शब्दका अर्थ लेख्नुहोस् ।

प्र.नं. ११) तलको गद्यांशबाट चारओटा बुँदा टिपी सारांश लेख्नुहोस् ।  (५)

हर्क गुरुङ कहिल्यै व्यक्तिगत स्वार्थमा लागेनन् । उनले पद, प्रतिष्ठा र पैसाको मोहप्रति लागेर आफ्नो स्वाभिमान गुमाएनन् । उनी सँधै अध्ययन र अनुसन्धानमा व्यस्त रहे । उनले राष्ट्रको उन्नति र प्रगातिका लागि निर्भीकताका साथ स्पष्टवादी र इमान्दार भएर काम गरे । विविध क्षेत्रमा उनको योगदान रह्यो । तापनि उनी मूलतः योजनाकारका रुपमा बढी चर्चित छन् । उनले राष्ट्रिय योजना आयोगको उपाध्यक्षसमेत भएर काम गरे । त्यति बेला आफ्नो देशलाई कसरी विकसित बनाउन सकिन्छ भन्ने विषयमा महत्वपूर्ण विचारहरू अगाडि सारे । उनले अगाडि सारेका योजना र विकासले आज पनि देशको उन्नतिमा लाग्न थप उर्जा प्रदान गरेका छन् ।

प्र.नं. १२) तलका मध्ये कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् ।  (४)

क) दिइएका बुँदाका आधारमा छोटो जीवनी तयार पार्नुहोस् :-

नाम : भानुभक्त आचार्य

जन्म : वि.सं. १८७१ असार २९ गते आइतबार

जन्मस्थान : तनहूँ, चुँदी रम्घा

पिता : धनञ्जय आचार्य

शिक्षा : पाँच वर्षको उमेरमा अक्षराम्भ, घरैमा परम्परागत शिक्षा प्राप्त, संस्कृत भाषाको अध्ययन

योगदान : नेपाली भाषा र साहित्यलाई महत्व नदिने समयमा रामायण जस्ता उत्कृष्ट कृति लेखेका, बधुशिक्षा, प्रश्नोत्तर, जस्ता कविता लेखी ऐतिहासिक कार्य गरेका

- सरल, सहज, सुबोध र झर्रो नेपाली भाषामा कविता लेखेका
- प्राथमिक कालको नेपाली कविताका मुख्य कविताका रूपमा रहेका
- आदिकविको विशिष्ट सम्मान प्राप्त गरेका

मृत्यु : वि.सं. १९२५ आश्विन शुक्ल पञ्चमी, रम्घा, तनहूँ ।

ख) छोरीलाई शिक्षा दिएर साक्षर बनाउनु पर्छ भन्ने आशय व्यक्त गर्दै गाउँमा बस्ने आफ्ना काकालाई चिठी लेख्नुहोस् ।

प्र.नं. १३) कुनै एक प्रश्नको भावविस्तार गर्नुहोस् । (४)

क) सारङ्गीका स्वरहरू सङ्गीत फेर्ने गर,
आफू हेर्ने आँखाहरू देश हेर्ने गर ।

ख) राष्ट्रवादीहरूका लागि रगत भन्दा माटो ठूलो हुन्छ ।

प्र.नं. १४) तल दिइएका मध्ये कुनै दुई प्रश्नको सङक्षिप्त उत्तर दिनुहोस् ? (८)

क) देवकुमारी थापालाई किन प्रेरणाकी मुहान मानिन्छ ?

ख) आह्वान कविताको मुख्य भाव लेख्नुहोस् ।

ग) "एउटा घटना" कथाले कस्तो सन्देश दिन खोजेको छ ?

प्र.नं. १५) यदि तपाई "ठग समातियो" कथाको पात्र विक्रमको ठाउँमा हुनुभएको भए ठग्न खोज्ने केटालाई समात्न कस्तो भूमिका निर्वाह गर्नुहुन्थ्यो ? तर्क दिनुहोस् । (४)

प्र.नं. १६) कुनै एक प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् ? (८)

क) सर आइज्याक न्युटनले आधुनिक विज्ञानका क्षेत्रमा दिएका योगदानहरू के के हुन् ?

ख) कम्प्यूटर र इन्टरनेटको प्रयोगबिनाको मानव जीवन कसरी अपुरो र अधुरो देखिन्छ, खुलस्त पार्नुहोस् ?

प्र.नं. १७) तलका मध्ये कुनै एक शीर्षकमा १५० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् ? (८)

क) योगको महत्त्व

ख) वातावरण संरक्षण

ग) मेरो जीवनको लक्ष्य

*सफलताको शुभकामना*